क्लाइमेट इन्भेस्टमेन्ट फण्ड कमिटिज (जलवायु लगानी कोषका समितिहरु) का लागि चाहिने नागरिक समाज पर्यवेक्षकको आत्मचयन प्रक्रिया

## नागरिक समाज पर्यवेक्षकहरुको निम्ति मापदण्ड

नाफा नलिने गरी गठित नागरिक समाज सित सरोकार राख्नेहरु (स्टेकहोल्डरहरु) संगको सर सल्लाहमा २००९ को अप्रिल - नभेम्वर महिनामा रेसोल्भ ले यी मापदण्डहरु तयार गरेको छ। रेसोल्भका लागि गठन भएको पर्यवेक्षकको पदहरु ग्रहण गर्न इच्छुक नभएका नागरिक समाजका अति प्रतिष्ठित सदस्यहरु रहेको सल्लाहाकार समितिले यी मापदण्डहरुलाई परिमार्जन गर्न सहयोग गरेको छ।

व्यक्तिगत प्रत्यासीहरुका निम्ति मापदण्डहरु

यी मापदण्डहरुलाई पर्यवेक्षक पदहरुका लागि प्रत्यासी हुने उम्मेदवारहरुको मूल्यांँकन एवं उनीहरुको तह निर्धारण गर्नका निम्ति प्रयोग गरिने छ :

क) सि आइ एफ का समितिहरुको उद्देश्य र लक्ष्यहरु संग सान्दर्भिकता हुने गरी आफ्ना कार्यादेश लिई संचालित भएका नाफा नलिने गरी गठन भएका संगठन संग सम्वन्धन प्रदर्शन गरेका संगठन वा संजाल अथवा सि आइ एफ का समितिहरुवाट प्रभावित भएको समुदाय संग सम्वन्धन प्रदर्शन गरेका नाफा रहित संगठन र संजाल
ख) सम्वन्धित समितिहरु संग सापेक्ष हुने किसिमले विशेषता भएको
ग) खुल्ला र पारदर्शी संचार प्रति प्रतिवद्ध भएको
घ) वृहत समुदाय (आफ्नै संगठन/सँजाल/समुदाय मात्र नभई) को आवश्यकताहरु एवं चासोहरुलाई ख्याल राख्ने तथा वृहत समुदायमा गएर कुराहरु वताउन सक्ने क्षमता, अभिरुची एवं सामर्थ्य भएको
ङ) स्वतन्त्र - विश्व वैंक, अन्य अन्तराष्ट्रिय वित्तीय संस्थाहरु तथा एक्सपोर्ट केडिट एजेन्सीहरु संग हालको, विगतको तथा थाती रहिरहेको संभौता अनुसारको वा सीधा वित्तीय सम्वन्धका काम कुराहरुलाई खुलासा गर्नु पर्दछ
च) प्रक्रियालाई प्रभावित पार्ने, आफू संलग्न भइरहने तथा वैठकहरुको तयारी गर्ने कामको क्षमता र तत्परता
छ) एनुएल पार्टनरसिप फोरम (वार्षिक साभ्फेदारी गोष्ठी) मा नेतृत्वको भूमिका (उदाहरणार्थ, काम कार्वाही आयोजना गर्दाको वखत सल्लाहकार समितिमा वसी काम गर्नु ) निर्वाह गर्ने सक्षमता र तत्परता

**सन्तुलन हासिल गर्नका लागि मापदण्ड**

एफ आइ पिको लागि तयार गरिएको दस्तावेजमा आधारित तथा आमन्त्रित नागरिक समाज परिवर्यवेक्षकको मार्गदशनहरु, एसआरपि, रेसोल्भ तथा सल्लाहकार समितिले यस कुराका लागि तलका मापडण्ढलाई प्रयोग गर्ने छन् जस्ले पर्यवेक्षकहरुको अन्तिम सुचिलाई सन्तुलन कायम गर्न तथा बिशिष्ठ बनाउनका लागि पक्का गर्ने छ :

क) एउटै क्षेत्रको मात्र वढी प्रतिनिधित्व नहोस भनी भौगोलिक रुपमा सन्तुलन। एफ आइ पि मा एकै पटक एउटै क्षेत्रवाट दुइवटा पर्यवेक्षक हुन सक्दैनन्।
ख) लैङ्गिक संन्तुलन
ग) प्रत्येक उपसमितिमा विकासोन्मुख देशहरुवाट प्रतिनिधित्व गराइने छ (एफ आइ पि का लागि चारवटा मध्ये कम से कम तिनवटा पद विकासोन्मुख देशहरुवाट पूर्ति हुने छ। एफ आइ पि का लागि दुइवटा मध्ये कम से कम एउटा पद विकासोन्मुख देशहरुवाट पूर्ति हुने छ।
घ) जनस्तरमा रहेका (ग्रासरुट लेभल ) तथा समुदायमा आधारित संस्थाहरुको समावेशीकरण

**सन्तुलनका लागि विचार गरिने अन्य कुराहरु**

समितिहरुको पूर्ण सन्तुल कायम गर्नका लागि रेसोल्भ तथा सल्लाहकार समितिले निम्न तत्वहरुमा विचार गर्न सक्ने छ :

क) विषयमा केन्द्रित (फोकस)/विशेषज्ञताको सन्तुलन (उदाहरणार्थ, प्राविधिक, सामाजिक आयामहरु, मानव अधिकार, विकास, वन, हरित प्रविधी, वातावरण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलता)
ख) पक्षमा वकालत गर्ने (एडभोकेसी)/निग्रानी गर्ने (वाचडग) संगठनहरु, नीति निर्माण गर्ने संस्थाहरु तथा संजालहरुलाई प्रतिनिधित्व गर्ने संगठनहरुको सन्तुलन
ग) विश्व वैंक सगँ महत्वपूर्ण परिदृश्यहरुलाई (प्रसपेक्टिभस) समावेश
घ) **एफ आइ पिका** लागि : विभिन्न किसिमका वनहरु भएका देशहरुको सन्तुलित प्रतिनिधित्व (जस्तै ट्रोपिकल, सबट्रोपिकल, बोरिएल)